गण्डकी प्रदेश सरकार
वन तथा वातावरण मन्त्रालय
वन निर्देशनालय

डिभिजन वन कार्यालय नवलपुर

नवलपरासी (बर्दघाट–सुस्ता पूर्व)
नेपाल

विष्णुप्रसाद अधिकारी
डिभिजनल वन अधिकृत

फोन नं. : ०७८-५४०१३५

मितिः २०८३/०६/३०

कसूरजन्य सम्पत्ति (सवारी साधन) लिलाम विक्री सम्बन्धी ३५ दिने सूचना

(पहिलो पटक प्रकाशित मितिः २०८३/०६/३०)

डिभिजन वन कार्यालय नवलपुर नवलपरासी (ब.सु.पू.) बाट वन पैदावार सम्बन्धी कसूरको सिलसिलामा नियन्त्रणमा लिइएका कम्पनी **Force Moters** मोडेल नं. **TRAXKARGDKing** को पिकअप जिप (लु १ च ५९१५) र महिन्द्रा कम्पनी, मोडेल नं. **2WD/2012** को बोलेरो जिप (लु १ च ४४८७) गरी चारपाङ्ग्रे सवारी साधन थान २ डिभिजन वन कार्यालय नवलपुर इजलासबाट अन्तिम फैसला हुँदा जफत हुने ठहर भई **कसूरजन्य सम्पत्ति तथा साधन (रोक्का नियन्त्रण र जफत) ऐन, २०७०** को दफा १८(४) बमोजिमको मूल्याङ्कन समितिबाट मूल्याङ्कन समेत भइसकेकोले जिल्ला प्रशासन कार्यालय, नवलपरासी (ब.सु.पू.) को मिति २०८३/०३/२२ को निर्णयानुसार यस कार्यालयलाई लिलाम बिक्रीको अख्तियारी प्राप्त भएको हुँदा **कसूरजन्य सम्पत्ति तथा साधन (रोक्का नियन्त्रण र जफत) ऐन, २०७०** को दफा २० र २१ तथा **कसूरजन्य सम्पत्ति तथा साधन (रोक्का नियन्त्रण र जफत) नियमावली, २०७७** को नियम ९ बमोजिम निम्न सवारी साधनहरु जे जस्तो अवस्थामा छन् सोही अवस्थामा लिलाम बिक्री गर्नु पर्ने भएकोले तपसिल बमोजिमका शर्त अनुसार निम्नानुसारको विवरण भएका सावारी साधनहरु लिलाम बिक्री गर्न यो सिलबन्दी दरभाउपत्र प्रकाशन गरिएको छ ।

<u>तपसिलः</u>

१. सिलबन्दी दरभाउपत्र सम्बन्धी कागजातहरु खरिद गर्न निवेदनका साथ व्यक्ति भए नागरिकताको प्रतिलिपि र फर्म वा कम्पनी भए नेपाल सरकार/प्रदेश सरकारको सम्बन्धित निकायमा दर्ता भएको प्रमाणपत्र, गत आ.ब. २०८२/०८३ सम्मको कर चुक्ता प्रमाणपत्र, मूल्यअभिवृद्धि कर वा स्थायी लेखा नम्बर प्रमाण पत्रको प्रतिलिपि सहित रु.१०००/- फिर्ता नहुने गरी यस कार्यालयको कावासोती स्थित राष्ट्रिय बाणिज्य बैंकमा प्रदेश लेखा नियन्त्रकको कार्यालयको नाममा रहेको खाता नं. १०००१००२०००१०००० (कार्यालय कोड ३२९०१४६०१४, राजस्व शिर्षक नं. १४२२९) मा जम्मा गरेको बैक भौचर संलग्न गरी ३५ औं दिन मिति २०८३/०८/०३ गते कार्यालय समयसम्ममा यस कार्यालयबाट खरिद गर्न सकिने छ। आफूले खरिद गर्न चाहेको सवारी साधनको छुट्टाछुट्टै सिलबन्दी दरभाउपत्र तोकिएको दस्तुर तिरेर खरिद गर्नु पर्नेछ।

२. व्यक्ति, फर्म वा कम्पनीले आफूले खरिद गरेको सिलबन्दी दरभाउपत्रमा आफूले सम्बन्धित सवारी साधनलाई कबोल गरेको अंक सहित सिलबन्दी दरभाउपत्र सूचना प्रकाशन भएको मिति देखी ३६ औं दिन मिति २०८३/०८/०४ गते दिनको १२:०० बजे भित्र कार्यालयमा व्यक्ति भए स्वंय वा आफूले अख्तियारी दिईएको व्यक्ति,फर्म, साझेदारी फर्म वा कम्पनी भए आधिकारीक प्रतिनिधि र अन्यको हकमा प्रोपाईटर स्वयं वा अधिकार प्राप्त व्यक्तिले सहीछाँप गरी खाम बाहिर श्री डिभिजन वन कार्यालय नवलपुर नवलपरासी (ब.सु.पू.) र बोलपत्र नम्बर, सवारी साधन नम्बर समेत उल्लेख गरी लाहछाँप लगाई सिलबन्दी गरी प्रस्तावपत्र दर्ता गर्नुपर्नेछ । लाहछाँप नलगाएको, सिलबन्दी नगरिएको दरभाउपत्र दर्ता गरिनेछैन ।

३. व्यक्ति, फर्म वा कम्पनीले सिलबन्दी दरभाउपत्रमा सम्बन्धित सवारी साधनको मूल्याङकन भई कायम भएको रकमको २० (बीस) प्रतिशत रकम यस कार्यालयको कावासोती स्थित राष्ट्रिय बाणिज्य बैंकमा रहेको धरौटी

गण्डकी प्रदेश सरकार
वन तथा वातावरण मन्त्रालय
वन निर्देशनालय
डिभिजन वन कार्यालय नवलपुर
नवलपरासी (बर्दघाट-सुस्ता पूर्व)
नेपाल
विष्णुप्रसाद अधिकारी
डिभिजनल वन अधिकृत
फोन नं. : ०७८-५४०१३५

खाता नं. ३२००१००२०२०३०००) (कार्यालय कोड ३२९०१४६०१४) मा जम्मा गरेको सक्कल भौचर वा यस कार्यालयको नाममा खिचिएको बैंक ड्राफ्ट वा कम्तिमा छ महिना अवधिको बैंक जमानत पत्र मध्ये कुनै एक समावेश गरी व्यक्ति भए नागरिकताको प्रतिलिपी सहित व्यक्तिगत स्थायी लेखा नम्बर र फर्म वा कम्पनी भए नेपाल सरकार/प्रदेश सरकारको सम्बन्धित निकायमा दर्ता भएको प्रमाणपत्र, गत आ.व. २०८२/०८३ सम्मको कर चुक्ता प्रमाणपत्र मुल्यअभिवृद्धि कर वा स्थायी लेखा नम्बर. प्रमाणपत्रको प्रतिलिपि समेत पेश गर्नुपर्नेछ। कुनै कागजात वा प्रमाणपत्रको प्रतिलिपी पेश गर्दा नेपाल सरकारबाट मान्यता प्राप्त संघ/संस्था, निकाय वा व्यक्तिबाट नोटरी अनिवार्य गराउनु पर्नेछ ।

४. आफूले कबोल गरेको मूल्य अंक र अक्षरमा स्पष्ट रुपमा लेख्नुपर्नेछ। अंक र अक्षरमा फरक भएमा अक्षरलाई मान्यता दिईनेछ।

५. सवारी साधनहरु सकार गरेपछि यातायात व्यवस्था कार्यालय तथा अन्य निकायमा दर्ता गर्ने प्रयोजनका लागि लाग्ने सम्पूर्ण दस्तुर/शुल्क तथा करहरू लिलाम सकार गर्ने व्यक्ति, फर्म वा कम्पनी स्वयंले व्यहोर्नुपर्नेछ ।

६. सिलबन्दी दरभाउपत्र पेश गर्ने व्यक्ति, फर्म वा कम्पनीले आफूले स्वीकार गरेको रकमको नियमानुसार मुल्य अभिवृद्धी कर (VAT) र करहरू समेत तिर्नुपर्ने छ ।

७. यस कार्यालयमा पेश हुन आएका सम्पूर्ण सिलबन्दी दरभाउपत्र मिति २०८३/०८/०७ गते दिनको १४:०० बजे रीतपूर्वक दरभाउ पेश गराएका व्यक्ति, फर्म वा कम्पनीको प्रतिनिधिको रोहवरमा खोलिनेछ र खोलिने समयमा सम्बन्धित व्यक्ति, फर्म वा कम्पनीको प्रतिनिधिहरु अनुपस्थित भएमा प्रचलित कानून बमोजिम दरभाउपत्र खोल्न समितिलाई कुनै बाधा पर्ने छैन।

८. सिलबन्दी दरभाउपत्र खरिद गर्ने र पेश गर्ने अन्तिम दिन सार्वजनिक विदा परेमा कार्यालय खुलेको पहिलो दिनलाई अन्तिम दिन मानिनेछ ।

९. सिलबन्दी दरभाउपत्र स्वीकृत गर्ने वा नगर्ने अन्तिम अधिकार यस कार्यालयलाई सुरक्षित रहने छ ।

१०. व्यक्ति, फर्म वा कम्पनीले लिलाम बिक्री हुने सवारी साधनहरु सम्बन्धी केही जानकारी लिन चाहेमा यस कार्यालयको प्रशासन शाखामा बुझ्न सकिनेछ ।

११. लिलाम गर्न लागिएका सवारी साधनहरूको प्रयोग क्षेत्र नेपाल सरकारको प्रचलित कानून बमोजिम हुनेछ

१२. सूचनामा उल्लेखित बाहेकका अन्य विषय प्रचलित कानुन बमोजिम हुनेछ ।

निम्न

क्र.सं.	बोलपत्र नं.	सवारी साधन नं.	सवारी साधनको किसिम	मोडेल/निर्माण वर्ष	इन्जिन नं./चेसिस नं.	न्यूनतम मूल्याङ्कित रकम मुल्यअभिवृद्धि कर बाहेक	धरौटी रकम
१.	DFO/NAW/AUC-V/01/083-084	लु १ च ५९१५	पिकअप जिप	TR.AX.KARGDKing/2014	MC१D१AEA१EP०० ५२६९/ D६०००४४५७	रु.११०००० ।- (अक्षरेपी एक लाख दश हजार मात्र)	रु.२२००० ।- (अक्षरेपी बाइस हजार मात्र)
२.	DFO/NAW/AUC-V/02/083-084	लु १ च ४४८७	बोलेरो जिप	2WD/2012	GAC1B80395/ ZP2GAAC1B19058	रु.७३००० ।- (अक्षरेपी त्रिहत्तर हजार मात्र)	रु.१४६०० ।- (अक्षरेपी चौध हजार छ सय मात्र)